आयोजना प्रमुख

नेपाल सरकार
शहरी विकास मन्त्रालय
सघन शहरी तथा भवन निर्माण आयोजना
गोरखा

# सघन शहरी तथा भवन निर्माण आयोजना, गोरखा

## डाँक बढाबढबाट खडा रुख लिलाम बिक्रीको सूचना

*(प्रथम पटक प्रकाशित मिति २०८३/०३/१७)*

प्रस्तुत विषयमा यस आयोजनाको मिति २०८३/०३/१५ को रुख हटाउने निर्णयानुसार साईट अफिस बेसीसहर न.पा.-८, सहजी, लमजुङ स्थित कि.नं. २६८४ मा जोखिमयुक्त अवस्थामा रहेका चाँप प्रजातिको २ गोटा रुखहरु आफ्नै खर्चमा कटान मुछान गरी लैजाने गरी डाँक बढाबढ प्रकृयाबाट लिलाम बिक्रीको लागि प्रथम पटक यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । नियमानुसार डिभिजन वन कार्यालयमा सूचिकृत भएका काठ, दाउरामा आधारित उद्योगले देहायका शर्त बमोजिम तोकिएको मितिमा हुने डाँक बढाबढ प्रक्रियामा सहभागी हुन आव्हान गरिएको छ ।

तपसिल

१. वन पैदावारको विवरण

| डाँक बढाबढ हुने रुखको विवरण | | | | | न्यूनतम मूल्य रु. |
|---|---|---|---|---|---|
| क्र.सं. | प्रजाति | रुख संख्या | अनुमानित परिमाण | | |
| १. | चाँप | २ | गोलिया | १९२।४२ क्यूफिट | ९७,७३०।- |
| | | | दाउरा | ०।३८ चट्टा | |

२. डॉक लिलाम बढाबढ हुने स्थान मिति र समयः-
   (क) स्थानः- सघन शहरी तथा भवन निर्माण आयोजना, गोरखाको फिल्ड कार्यालय बेसीशहर-०७, सहजी, लमजुङ्ग ।
   (ख) मिति र समयः- २०८३/०३/३२ गते विहिबार बिहान ११:०० बजे
   (ग) तोकिएको दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट हुनेछ ।

३. डाँक बढाबढ प्रक्रियामा भाग लिन ईच्छुक फर्मले नेपाली नागरिकताको प्रमाण-पत्र, फर्म दर्ता तथा नविकरणको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर/स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र र काठ/ दाउरामा आधारित उद्योग सूचिकृत प्रमाण-पत्रको प्रतिलिपि र निवेदन साथ रु. १०/- को टिकट टाँस गरी मिति २०८३/०३/३२ गते बिहान ११:०० बजे निवेदन पेश गर्नु पर्नेछ । डाँक बढाबढ न्यूनतम मूल्यबाट शुरु हुनेछ ।

४. लिलाम सकार गर्न डाँक बढाबढ प्रक्रियामा भाग लिने सबैले डाँक बोल्नु पूर्व न्यूनतम मूल्यको १० प्रतिशतले हुने रकम नगद धरौटी राख्नु पर्नेछ । डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी रकम थप गर्दै जानु पर्नेछ ।

५. लिलाम स्वीकृत गर्ने वा नगर्ने अधिकार आयोजनामा निहित रहनेछ ।

६. लिलाम बढाबढ हुने रुख स्थलगत रुपमा गई हेर्न सकिने छ ।

७. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम वन क्षेत्रको रोयल्टी, मूल्य अभिबृद्धि कर, अग्रिम आयकर र प्रदेश सेवा शुल्क अग्रिम रुपमा बुझाई रुख हटाउनु पर्नेछ । कटान मुछान पश्चात उत्पादन भएको काठ / दाउराको नाप पैमाईस गरी डिभिजन वन कार्यालयको टाँचाबाट बिमार्का गराई वन पैदावार उठाई लैजान पर्नेछ।

८. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।